बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ चलानी नं. राजश्व शाखा/............... मितिः २०८१।०१।१३

(ठेक्का नलागेका घाटहरुबाट नदीजन्य पदार्थ संकलन गर्ने सम्बन्धी)

## सूचना ! सूचना !! सूचना !!!

(लागू हुने मितिः २०८१।०१।१४)

प्रस्तुत विषयमा यस बेसीशहर नगर कार्यपालिकाको निर्णयानुसार आ.व. २०८०।०८१ मा लगाइएका आय ठेक्काहरु मध्ये ठेक्का लाग्न नसकेका मर्स्याङदी नदीका घाटहरुमा जम्मा भई थुप्रिएर रहेका नदीजन्य पदार्थहरु यस कार्यालयको प्रत्यक्ष निगरानीमा संकलन गरी विक्री गर्न चाहने कानूनी प्रकृया पुरा गरेका फर्म वा कम्पनी वा ब्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफूले संकलन गर्न चाहेको परिमाण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### शर्तहरु

१। निवेदन पेश गर्दा फर्मको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी तथा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित आफूले संकलन गर्न चाहेको स्थान र निर्माण सामाग्रीको परिमाण (ट्रिप वा घन मिटर) तथा घाटगद्दी गरिने स्थान समेत उल्लेख गरी सक्कलै निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२। नदीजन्य पदार्थ संकलन गर्दाको समयमा प्रयोग हुने नवीकरण भएका सवारी साधनहरुको विवरण सम्झौताका वखत दिनुपर्नेछ । यस कार्यालयमा पेश हुन आएका सवारी साधनहरु वाहेक अन्य सवारी साधनहरु नदीजन्य पदार्थ संकलन तथा ओसार पसारको क्रममा प्रयोग गर्न पाइने छैन ।

३। आफुले संकलन गर्न चाहेको सामानको लाग्ने दस्तुर सम्झौताका वखत यस कार्यालयमा बुझाउनु पर्नेछ वा यस कार्यालयको बैंक खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४। पेश हुन आएका निवेदन अनुसार संकलन हुन आएका परिमाण तथा स्थानहरुमा बेसीशहर नगरपालिका स्तरीय अनुगमन टोली (कार्यदल) वाट स्थलगत अनुगमन तथा निरीक्षण गरेपछि मात्र निश्चित समयको लागि अनुमति प्रदान गरिनेछ ।

५। यस कार्यालयबाट तोकिएको स्थान र क्षेत्रभन्दा वाहिरको स्थानहरुबाट अनुमति विना कुनैपनि निर्माण सामाग्रीहरु उत्खनन् तथा संकलन गर्न पाइने छैन ।

प्रकाश अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६६ ५२०१५०।५२०२०४
Website: www.besishaharmun.gov.np
"हामी सबैको रहर - सभ्य र समृध्द बेसीशहर"
Email: mun.besishahar@gmail.com
besishaharmunicipality@gmail.com

Scanned with CamScanner

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

६। यस कार्यालयबाट नदीजन्य पदार्थ संकलन गर्ने स्थानमा खटिएका कर्मचारी वा प्रतिनिधिहरुको रोहवरमा संकलन गरिएका सामानहरु टिपोट गरेपछि मात्र अन्यत्र तोकिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ ।

७। यस कार्यालयको अनुमति विना तोकिएको घाटगद्दी स्थलमा जम्मा भएको निर्माण सामाग्री ढुवानी गर्न पाइने छैन । घाटगद्दी गरिएको निर्माण सामाग्रीहरु अनुमति प्राप्त परिमाणभन्दा बढी उत्खनन् भएको पाइएमा बढी हुन आउने निर्माण सामाग्रीको नियमानुसार लाग्ने जरिवाना रकम सहित यस कार्यालयमा बुझाउनु पर्नेछ ।

८। वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन । वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी संकलन तथा बिक्री गर्नु पर्नेछ ।

९। उक्त कार्यमा खटिएका कामदार/कर्मचारी वा सवारी साधन वा अन्य सामानहरुको हानी नोक्सानी भएमा त्यसको जिम्मेवारी सम्वन्धित पक्ष नै रहनेछ ।

१०।यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

११।यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner